**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 13.11.2025

## अरूणाचल प्रदेश र असमका पर्यटन मन्त्री सिक्किम आइपुगे

अरूणाचल प्रदेश सरकारका पर्यटन मन्त्री पी डी सोना र असम सरकारका पर्यटन मन्त्री रन्जित कुमार दास आज सिक्किम आइपुगेका छन्।

मन्त्रीहरूले आजदेखि 16 नोभेम्बर सम्म सिक्किममा आयोजना हुने 13 औं अन्तर्राष्ट्रिय पर्यटन मार्ट ( आईटीएम) 2025 मा भाग लिनेछन्। यो महोत्सवको उद्देश्य पूर्वोत्तर क्षेत्रको पर्यटन सम्भावनालाई प्रवर्द्धन र पदर्शन गर्नु साथै, विश्वव्यापी सहभागिता, सांस्कृतिक आदानप्रदान र सहयोगी अवसरहरूलाई बढावा दिनु हो।

## पर्यटन मन्त्रालयका वरिष्ठ अधिकारीहरू अन्तर्राष्ट्रिय पर्यटन मार्ट 2025 को लागि गान्तोक पुगे

पर्यटन मन्त्रालयका अतिरिक्त सचिव सुमन बिल्ला र पर्यटन मन्त्रालयका सहसचिव हरिकिशोर पनि अन्तर्राष्ट्रिय पर्यटन मार्टको लागि गान्तोक आइपुगेका छन्।

पर्यटन तथा नागरिक उड्डयन विभागकी सचिव होन्डाला ग्याल्टसेन, सिक्किम पर्यटन विकास निगमका अधिकारीहरू र नामित सम्पर्क अधिकारीहरूले विशिष्ट व्यक्तिहरूको न्यानो स्वागत गरेका छन्।

## सिक्किमको तुङ्बुक र पुमटोङ पुलितले GI ट्यागसहित राष्ट्रहित राष्ट्रिय मान्यता प्राप्त गरे।

भारत सरकारले सिक्किमको लेप्चा समुदायलाई सांस्कृतिक प्रोत्साहन दिनेगरी दुई परम्परागत लेप्चा संगीत वाद्ययन्त्रहरू तुङ्बुक र पुमटोङ पुलिसको लागि भौगोलिक संकेत ( GI) पंजीकरण प्रदान गरेको छ।

तुङ्बुक तीन तार भएको वाद्ययन्त्र हो, भने पुमटोङ पुलित बाँसुरी हो। दुवै लेप्चा लोक संगीतका अभिन्न अंग हुन् र गहिरो सांस्कृतिक र आध्यात्मिक महत्तव राख्छन्। ती, आधिकारिक रूपमा नोभेम्बर 5 मा भारत सरकारको (GI) रजिस्ट्रीको संगीत वाद्ययन्त्र श्रेणी अन्तर्गत आधिकारिक रूपमा पंजीकृत भएका थिए।

**मुख्यमन्त्रीले गान्तोकका एसएसबीका डीआईजीसँग भेट गर्नुभयो।**

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज मुख्यमन्त्री निवासमा गान्तोकका सशस्त्र सीमा बल (एसएसबी) का उपमहानिरीक्षक मनीष कुमारसँग भेट गर्नुभयो।

उनीहरूले राज्य सरकार र एसएसबी बीचको समन्वयका विभिन्न पक्षहरू, विशेष गरी भारत- नेपाल सीमावर्ती क्षेत्रहरूमा बस्ने मानिसहरूको रक्षा, सुरक्षा र कल्याणबारे छलफल गर्नुभयो।

**मुख्यमन्त्रीले आज गान्तोकमा 33 कोरका जनरल अफिसर कमान्डिङ लेफ्टिनेन्ट जनरल मनराज सिंह मानलाई भेटे।**

श्री तामाङले आज आफ्नो सरकारी निवासमा 33 कोरका जनरल अफिसर कमान्डिङ लेफ्टिनेन्ट जनरल मनराज सिंह मानलाई पनि भेट्नुभयो । अन्तरक्रियाको क्रममा उनीहरूले सिक्किमको सीमावर्ती क्षेत्रको सुरक्षा, विकास र कल्याण सम्बन्धी पारस्परिक हितका विषयमा छलफल गरे। मुख्यमन्त्रीले हाम्रो देशको सिमानाको रक्षा गर्न र यस क्षेत्रमा शान्ति र स्थिरता कायम राख्न भारतीय सेनाको समर्पण, अनुशासन र निस्वार्थ सेवाको गहिरो प्रशंसा गर्नुभयो। सिक्किममा भारतीय सेनाको उपस्थिति हाम्रो राज्यका जनतासँगको उनीहरूको स्थायी सम्बन्धलाई प्रतिबिम्बित गर्दै शक्ति र विश्वासको स्रोत बनेको उहाँले भन्नुभयो।

**18 नोभेम्बरमा आयोजना हुने एकता पदयात्रा कार्यक्रमको लागि बैठक सम्पन्न**

सरदार वल्लभभाई पटेलको 150 औं जन्मजयन्तीको सम्झनामा भारत सरकारको निर्देशनमा 18 नेभेम्बरमा आयोजना हुने दोस्रो जिल्लास्तरीय एकता पदयात्रा कार्यक्रमको तयारीबारे छलफल गर्न जिल्ला प्रशासनिक केन्द्र (DAC) गान्तोकमा एक समन्वय बैठक आयोजना गरिएको थियो।

एकता पदयात्रा,माई भारत तथा नेहरू युवा केन्द्र संघले गान्तोकोको (DAC) सँगको समन्वयमा आयोजना गर्नेछ।

**रजिना राई आइरनम्यान 70.3 गोवा पौडी पूरा गर्ने सबैभन्दा कान्छी र पहिलो सिक्किमी महिला बनिन्।**

सिक्किमको लागि एउटा अभूतपूर्व उपलब्धिमा 20 वर्षीया रजिना राई आइरनम्यान 70.3 गोवा 2025 मा 1.9 किलोमिटरको कठिन ओपन- वाटर पौडी सफलतापूर्वक पूरा गर्ने राज्यकी सबैभन्दा कान्छी र पहिलो महिला बनेकी छिन्।

**सिक्किमको पुरानो कानूनको संरक्षणका लागि त्सेतेन ताशी भुटियालाई पहिलो कोङचेन दर्जी पुरस्कार प्रदान गरिने**

सिक्किमको पुरानो कानूनको संरक्षण र मूल निवासिहरूका अधिकारहरूलाई बढ़ावा दिनुमा उल्लेखनीय योगदान पुर्याएकोमा सामाजिक कार्यकर्ता तथा सामुदायिक नेता त्सेतेन ताशी भुटियालाई कोङचेन दोर्जी पुरस्कारबाट सम्मानित गरिनेछ।

सिक्किम आदिवासी लेप्चा जनजाति संघ (SILTA) द्‌वारा स्थापित यो पुरस्कार नोभेम्बर 16, 2025 का दिन गान्तोकमा एक समारोहमा प्रदान गरिनेछ।